# काठमाडौं महानगरपालिका

यँ महानगरपालिका

नगर कार्यपालिकाको कार्यालय

शिक्षा विभाग

काठमाडौं प्लाजा, कमलादी, काठमाडौं

सूचना प्रकाशन मिति : २०८३/०१/३० (नेपाल संवत् ११४६ एकादसि)

## छात्रवृत्ति परीक्षाको अनलाइन आवेदन फाराम भर्ने सम्बन्धी अत्यन्त जरूरी सूचना

काठमाडौं महानगरपालिका भित्र सञ्चालित माध्यमिक तह (कक्षा ११-१२) सञ्चालन भएका संस्थागत शिक्षण संस्थामा शैक्षिक सत्र २०८३/०८४ का लागि छात्रवृत्तिमा अध्ययन गर्न विद्यार्थी छनोटका लागि सञ्चालन हुने परीक्षाका लागि **मिति २०८२ साल चैत्रमा सञ्चालित SEE परीक्षामा सहभागी भई ग्रेडेड भएका विद्यार्थीहरूले** मिति २०८३ जेठ १ गते शुक्रबार बिहान १०:०० बजेदेखि मिति २०८३ जेठ १० गते आइतबार राति ११:५९ बजेसम्म महानगरपालिकाको वेबसाइट kathmandu.gov.np वा entrance.kathmandu.gov.np मार्फत अनलाइन आवेदन फाराम पेस (Online Application Form Submission) गर्न सूचना आह्वान गरिएको छ ।

**१. छात्रवृत्ति परीक्षा सञ्चालन हुने कार्यक्रमहरुको विवरण :**

- छात्रवृत्तिका लागि मनोनयन हुने विद्यालय : काठमाडौं महानगरपालिका अन्तर्गतका कक्षा ११/१२ सञ्चालित संस्थागत विद्यालयहरू
- विषय : Science/Management/Humanities/ Education/Law (फाराम भर्दाकै बखत भरेको विषय र विद्यालयमा मनोनयन हुने)
- कुनै एक विषयमा मात्र फाराम भर्न सकिनेछ ।
- अनलाइन आवेदन फाराम भर्न सुरु हुने मिति : २०८३ जेठ १ गते बिहान १०:०० बजेदेखि
- अनलाइन आवेदन फाराम भर्ने अन्तिम मिति : २०८३ जेठ १० गते राती ११:५९ बजेसम्म
- प्रवेश पत्र प्रिन्ट गर्न सकिने : २०८३ जेठ १४ गतेपश्चात अनलाइन सफ्टवेयरबाट प्रिन्ट गर्न सकिनेछ ।
- परीक्षा केन्द्र : परीक्षा केन्द्र पछि प्रकाशन हुने (महानगरपालिका अन्तर्गतका विद्यालयहरुमा)
- परीक्षा सञ्चालन हुने मिति : २०८३ जेठ १७ गते विहान ८:०० बजेदेखि १०:०० बजेसम्म
- आवेदन दस्तुर : निशुल्क
- विद्यालयगत छात्रवृत्तिको कोटा र परीक्षा केन्द्रसम्बन्धी अन्य विवरण पछि प्रकाशन गरिनेछ।

२. **छात्रवृत्ति परीक्षाको पाठ्यक्रम र उत्तीर्णाङ्क सम्बन्धी व्यवस्था :**

- कक्षा १० को पाठ्यक्रममा आधारित अनिवार्य गणितबाट ३० ओटा, विज्ञान तथा प्रविधिबाट ३० ओटा, सामाजिक अध्ययनबाट २० ओटा, अंग्रेजी र नेपाली विषयबाट १०/१० ओटा १०० ओटा वस्तुगत बहुवैकल्पिक प्रश्न सोधिनेछ । प्रश्नहरु अङ्ग्रेजी र नेपाली दुबै माध्यमबाट हुनेछ ।
- परीक्षाको पूर्णाङ्क १०० हुनेछ र छात्रवृत्ति परीक्षा उत्तीर्ण हुन न्यूनतम ४० प्रतिशत अङ्क प्राप्त गरेको हुनुपर्नेछ। तर उत्तीर्ण हुनु भनेको छात्रवृत्ति प्राप्त गर्नु होइन, योग्यताक्रमबमोजिम छात्रवृत्तिमा मनोनयन गरिनेछ ।
- परीक्षा OMR Sheet बाट हुनेछ । गलत उत्तरका लागि नेगेटिभ मार्किङ (negative marking) गरिने छैन ।
- परीक्षाको समयावधि दुई घण्टाको हुनेछ ।

३. **अनलाइन आवेदन फाराम पेस गर्ने विधि तथा निर्देशनहरू :**

- अनलाइन फाराम यस महानगरको वेबसाइट www.kathmandu.gov.np वा entrance.kathmandu.gov.np मा उपलब्ध हुनेछ । सो आवेदन फाराम तोकिएको समयावधिभित्र अनलाइन माध्यमबाट मात्र पेस गर्न सकिनेछ ।
- अनलाइन फाराम भर्दाका बखत नै आफुले अध्ययन गर्न चाहेको विषयअनुसार विद्यालयको प्राथमिकताक्रम निर्धारण गर्नुपर्नेछ । सोहीबमोजिम योग्यताक्रम प्रकाशित हुनेछ । फाराम भर्दाका बखत नै सबै विद्यालयको प्राथमिकताक्रम छनोट गरेको हुनुपर्नेछ । छनोट गरेको विद्यालयमा मात्र पछि मनोनयन गरिने भएकाले अध्ययन गर्न चाहेको सबै विद्यालयहरु छनोट गर्नुपर्नेछ ।
- अनलाइन फाराम भर्नका लागि entrance.kathmandu.gov.np मा गई SEE परीक्षाको विवरण (सिम्बोल नं अल्फाबेटसहित, जन्ममिति र प्राप्त जिपिए) भर्नुपर्नेछ । I have read all the points mentioned above. I am eligible for the application. ("मैले माथि उल्लेखित सबै बुँदाहरू पढेको छु। म आवेदनका लागि योग्य छु।") मा टिक लगाएर Apply Scholarship मा क्लिक गरी अघि बढ्ने । पहिलो पटक भर्दा पासवर्ड भन्ने स्थानमा केही भर्नुपर्दैन । (Geo Location On नभएको अवस्थामा फाराम भर्न नसकिने भएकाले आफ्नो डिभाइसमा Location on गरेर मात्र फाराम भर्न सकिनेछ।)
- त्यसपश्चात व्यक्तिगत विवरणमा पूरा नाम, थर भर्ने, सहि इमेल आइडि र मोबाइल नं, हालसालै खिचेको फोटो, बुबा, आमा, हजुरबुबाको नाम, स्थायी/अस्थायी ठेगाना, जन्मदर्ता वा नागरिकताको विवरण भरी Next मा क्लिक गर्ने । (इमेल र मोबाइल नं सहि राख्नुहोला अन्यथा अन्यत्र म्यासेज गई समस्या सिर्जना हुने)

- अब शैक्षिक विवरण भर्ने स्थानमा कक्षा १० मा पढेको विद्यालयको विवरण, विद्यालयले जारी गरेको चारित्रिक वा स्थानान्तरण प्रमाणपत्र वा सिफारिस पत्र अपलोड गर्ने, आवेदन दिने विषय छनोट गर्ने (एउटा विषय मात्र छनोट गर्न मिल्ने),
- अब उक्त विषय अध्यापन हुने विद्यालयको विवरण आउँछ । अध्ययन गर्न चाहेको सबै विद्यालयहरु प्राथमिकता अनुसार छनोट गर्नुपर्नेछ । कुनै स्कुल १ नं मा छनोट गर्नुभयो भने त्यो तपाईंको प्राथमिकताक्रम १ नं भन्ने बुझिन्छ । विद्यार्थीले छनोट गरेको प्राथमिकता अनुसार नै छात्रवृत्तिका लागि विद्यालय पठाइने भएकाले होसियारीपूर्वक विद्यालयहरुको प्राथमिकता मिलाउनुपर्नेछ ।
- यसपश्चात अघि बढ्ने वा नबढ्ने भनी रोज्ने अप्सन आउनेछ । अगाडी बढ्ने हो भने No गरेर अघि बढ्ने । यदि अझै विद्यालयहरु थप गर्ने हो भने Yes क्लिक गरी विद्यालयहरु थप गरेर पुन : No गरी अघि बढ्ने ।
- अब आरक्षणको विवरण भर्ने स्थानमा पुगिनेछ । विद्यार्थीले आरक्षण पाउने वा नपाउने यकिन गरी;

**सामुदायिक विद्यालय अध्ययन गरेको भए :**

- General मात्र छानेमा : सामुदायिक विद्यालयबाट SEE दिएको र आरक्षण नपाउने अवस्थामा,
- General + Reservation छानेमा : सामुदायिक विद्यालयबाट SEE दिएको र छात्रा वा आदिवासी/जनजाती, मधेशी वा खस आर्य वा दलित वा मुस्लिम वा थारु वा अपाङ्गता भएको व्यक्ति वा पिछडिएको क्षेत्रका व्यक्ति वा शहिद/वेपत्ता पारिएका नागरिकको परिवार/द्वन्दपिडित नागरिकको परिवार, (एक भन्दा बढी आरक्षण भएको भए सोसमेत छनोट गरी आवश्यक कागजातहरु अनिवार्य राख्नुपर्नेछ)
- General + Permanent Resident of Kathmandu Metropolitan City छानेमा : सामुदायिक विद्यालयबाट अध्ययन गरेको र काठमाडौं महानगरपालिकाको स्थायी बासिन्दा र आरक्षण नपाउने,
- General + Permanent Resident of Kathmandu Metropolitan City + Reservation छानेमा : सामुदायिक विद्यालयबाट SEE दिएको, काठमाडौ महानगरपालिकाको स्थायी बासिन्दा र छात्रा वा आदिवासी/जनजाती, मधेशी वा खस आर्य वा दलित वा मुस्लिम वा थारु वा अपाङ्गता भएको व्यक्ति वा पिछडिएको क्षेत्रका व्यक्ति वा शहिद/वेपत्ता पारिएका नागरिकको परिवार/द्वन्दपिडित नागरिकको परिवार, (एक भन्दा बढी आरक्षण भएको भए सोसमेत छनोट गरी आवश्यक कागजातहरु अनिवार्य राख्नुपर्नेछ)
- General + Landfill Site छानेमा : सामुदायिक विद्यालय अध्ययन गरेको ल्याण्डफिल्ड साइडको बासिन्दा, आरक्षण नपाउने,
- General + Landfill Site + Reservation छानेमा : सामुदायिक विद्यालय अध्ययन गरेको ल्याण्डफिल्ड साइडको बासिन्दा र छात्रा वा आदिवासी/जनजाती, मधेशी वा खस आर्य वा दलित वा मुस्लिम वा थारु वा अपाङ्गता भएको व्यक्ति वा पिछडिएको क्षेत्रका व्यक्ति वा शहिद/वेपत्ता पारिएका नागरिकको

परिवार/द्वन्दपिडित नागरिकको परिवार (एक भन्दा बढी आरक्षण भएको भए सोसमेत छनोट गरी आवश्यक कागजातहरु अनिवार्य राख्नुपर्नेछ)।

**संस्थागत विद्यालय अध्ययन गरेको भएमा :**

- General छानेमा : संस्थागत विद्यालयमा अध्ययन गरेको,
- Permanent Resident of Kathmandu Metropolitan City छानेमा : संस्थागत विद्यालयमा अध्ययन गरेको काठमाडौं महानगरपालिकाको स्थायी बासिन्दा,
- Landfill Site छानेमा : संस्थागत विद्यालयमा अध्ययन गरेको ल्याण्डफिल्ड साइडको बासिन्दा,
- General + Permanent Resident of Kathmandu Metropolitan City छानेमा : संस्थागत विद्यालयमा अध्ययन गरेको छात्र वा छात्रा र काठमाडौं महानगरपालिकाको स्थायी बासिन्दा,
- General + Landfill Site संस्थागत विद्यालयमा अध्ययन गरेको र ल्याण्डफिल्ड साइटको बासिन्दा,

- यसपश्चात Preview Application भन्ने देखिन्छ । सो क्लिक गर्नुपर्नेछ । त्यसपश्चात भरेको सबै विवरण देखाउनेछ । यदि भरेका सबै विवरण ठिक छ भने मैले माथि भरेका विवरणहरु ठिक साँचो छन् । झुठो ठहरिएमा कानूनबमोजिम सहुँला बुझाउँला भन्ने बटनमा क्लिक गरी देखिएको क्याप्चा टाइप गरी Submit बटनमा थिच्नुपर्नेछ । यदि भरेका विवरण सच्याउनु परेमा Edit Form मा क्लिक गरी विवरण सच्याई पुन : विवरण भरी अघि पुन : Submit बटनमा थिची अघि बढ्नुपर्नेछ ।
- Submit बटनमा थिचेपश्चात उक्त फाराम डाउनलोड गर्न र प्रिन्ट गर्न सकिनेछ । *कक्षा ११ को छात्रवृत्तिका लागि तपाई ........... ले भरेको आवेदन फाराम प्राप्त भयो। सो फाराम विज्ञले रूजु गरेपछी स्वीकृत हुने/नहुने जानकारी पठाइने भएकाले तपाईंको इमेल तथा मोबाइल नं मा गरिएको म्यासेज हेरी सोही अनुसार गर्नु होला।* भन्ने म्यासेज देखिनेछ । यति भएपश्चात विद्यार्थीको फाराम भर्ने कार्य सम्पन्न भयो भन्ने बुझ्नुपर्दछ ।
- Submit भएको फाराम Admit Card नभई Online Form भरेको प्रमाण मात्र हो यसका आधारमा मात्र छात्रवृत्ति परीक्षामा सहभागी हुन पाईने छैन।
- फाराम अनलाइन पेश (form submit) भएपश्चात पनि इमेल र मोबाइल नं मा प्राप्त युजर नेम र पासवर्ड राखी विवरण सच्याउनसकिनेछ ।
- महानगरपालिकाबाट confirmation हुनु अघि विवरण सच्याउन वा थप गर्न वा कागजात राख्न इमेलमार्फत अनुरोध गरेमा मात्र फाराम सच्याउन वा विवरण थप गर्न सकिने छ ।
- तर महानगरपालिकाबाट फाराम confirmation भएपश्चात कुनै पनि विवरण सच्याउन सकिने छैन ।
- फोटो तथा अन्य आवश्यक डकुमेन्ट मोबाइलले फोटो खिचेरसमेत अपलोड गर्न सकिने छ ।
- विभागबाट फाराम रुजु यकिन भएपश्चात विवरण मिलेमा मात्र Final confirmation पठाइनेछ।
- पेश गरेका विवरणहरु झुठो ठहरेमा त्यस्ता उम्मेदवारहरूको आवेदन फाराम रद्द गरिनुका साथै भर्ना भइसकेको भए पनि त्यस्ता विद्यार्थीको छात्रवृत्ति सुविधासमेत रद्द गरिनेछ।

४. न्यूनतम योग्यता :

शैक्षिक सत्र २०८२ को SEE परीक्षामा सहभागी भई ग्रेडेड भई :

- नेपालभरका सामुदायिक विद्यालयबाट अध्ययन गरी SEE पूरा गरेको वा
- काठमाडौं महानगरपालिकाको स्थायी बासिन्दा वा
- ल्याण्डफिल्ड साइटबाट प्रत्यक्ष प्रभावित क्षेत्र नुवाकोट जिल्ला, ककनी गाउँपालिकाको वडा नं १,२,३ र धादिङ जिल्लाको धुनिवेशी नगरपालिका वडा नम्बर १,३,४ का स्थायी बासिन्दा वा
- नेपालभरका संस्थागत विद्यालयमा कक्षा १० सम्म अध्ययन गरेको ।

५. छात्रवृत्ति परीक्षा सञ्चालनका लागि देहायको प्रतिशतका आधारमा छात्रवृत्ति सिट वितरण गरिनेछः

प्रतिशत निर्धारणः

(१) संस्थागत विद्यालयको विद्यार्थी संख्याको आधारमा देहायबमोजिम विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरिनेछ

(क) पाँच सय जनासम्म विद्यार्थी भएका विद्यालयले कम्तीमा दश प्रतिशत।

(ख) पाँच सयदेखि आठ सय जनासम्म विद्यार्थी भएका विद्यालयले कम्तिमा बाह्र प्रतिशत ।

(ग) आठ सयभन्दा बढी विद्यार्थी सङ्ख्या भएका विद्यालयले कम्तीमा पन्ध्र प्रतिशत।

(२) बुँदा ५(१) बमोजिम हुन आउने जम्मा संख्यालाई सतप्रतिशत मानी देहायबमोजिमका प्रतिशतमा छात्रवृत्ति उपलब्ध गराइनेछ ।

(क) सामुदायिक विद्यालयमा अध्ययन गरेका विद्यार्थीलाई ३५ प्रतिशत

(ख) संस्थागत विद्यालयमा अध्ययन गरेका विद्यार्थीलाई १० प्रतिशत

(ग) काठमाडौं महानगरपालिकाभित्र स्थायी बसोबास भएका सामुदायिक/संस्थागत विद्यालयमा अध्ययन गरेका सबै विद्यार्थीका लागि १९ प्रतिशत

(घ) ल्याण्डफिल्ड साइट प्रभावित क्षेत्रको स्थायी बासिन्दा सामुदायिक/संस्थागत विद्यालयमा अध्ययन गरेकाको हकमा १ प्रतिशत

(ङ) बुदाँ नं (१) बमोजिम प्रतिशत निर्धारण गरी बाँकी रहेको ३५ प्रतिशत सिटलाई शतप्रतिशत मानी सामुदायिक विद्यालयबाट एईई दिएका विद्यार्थीको हकमा लागू हुने गरी देहायको प्रतिशतका आधारमा आरक्षण छात्रवृत्ति सिट वितरण गरिनेछः

| | |
|---|---|
| (१) छात्रा | ३३ प्रतिशत |
| (२) आदिवासी/जनजाति | १५ प्रतिशत |
| (३) मधेशी | १२ प्रतिशत |
| (४) खस आर्य | १७ प्रतिशत |
| (५) दलित | ९ प्रतिशत |
| (६) मुस्लिम | २ प्रतिशत |
| (७) थारु | ४ प्रतिशत |
| (८) अपाङ्गता भएको व्यक्ति | २ प्रतिशत |
| (९) पिछडिएको क्षेत्रका व्यक्ति | ४ प्रतिशत |

(१०) शहिदका परिवार, बेपत्ता पारिएका व्यक्तिका परिवार, जेन जी आन्दोलन लगायतका आन्दोलनका घाइते योद्धाहरूको परिवार र द्वन्द्व पीडित समूहका व्यक्ति तथा नदि किनारका अव्यवस्थित बसोबास वा अन्य कारणबाट विस्थापित परिवार २ प्रतिशत

यस खण्डको प्रयोजनका लागि पिछडिएको क्षेत्रको व्यक्ति भन्नाले अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ, बाजुरा, मुगु र हुम्ला जिल्लामा स्थायी बसोबास गरिरहेको व्यक्तिलाई जनाउँछ । आरक्षण क्षेत्रमा वा कुनै सिटमा तोकिएबमोजिमको संख्या विद्यार्थी उपलब्ध नभएमा बुँदा ५ को उपबुँदा १ (क)बाट क्रमशः अर्को समूहमा जानेछ ।

६. अनलाइन फाराम भर्न चाहिने आवश्यक कागजात तथा फोटोः

- पासपोर्ट साईजको फोटो
- नागरिकताको प्रमाण पत्र वा जन्म दर्ताको प्रमाण पत्र वा राष्ट्रिय परीचय पत्र
- SEE को चारित्रिक प्रमाण पत्र वा ट्रान्सफर प्रमाणपत्र वा छात्रवृत्तिका लागि विद्यालयको सिफारिसपत्र
- सामुदायिक विद्यालयमा अध्ययन गरेका विद्यार्थीका लागि सामुदायिक विद्यालय हो भनी अनुसूची १ को ढाँचामा विद्यालयको सिफारिसमा सम्बन्धित स्थानीय तह वा शिक्षा विकास तथा समन्वय इकाइको पत्र
- समावेशी समूह अन्तर्गत आदिवासी/जनजाति, मधेशी, दलित, मुस्लिम, थारु जातिको हकमा सम्वन्धित आयोग वा प्रतिष्ठानबाट प्राप्त भएको प्रमाणपत्र वा जिल्ला प्रशासन कार्यालय वा स्थानीय तहबाट सिफारिसपत्र
- खस आर्यको हकमा स्थायी बसोबास भएको सम्बन्धित जिल्ला प्रशासन कार्यालय वा सम्वन्धित स्थानीय तहबाट व्यहोरा खुल्ने सिफारिसपत्र
- शहिदका परिवार, बेपत्ता पारिएका व्यक्तिका परिवार, घाइते योद्धाहरूको परिवार र द्वन्द्व पीडित समूहका व्यक्तिले सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट प्रदान भएको पत्र
- अपाङ्गता भएका व्यक्तिले स्थायी बसोबास भएको सम्बन्धित स्थानीय तहबाट जारी भएको अपाङ्गताको परिचयपत्र
- पिछडिएको क्षेत्रका व्यक्तिको हकमा दरखास्त दिंदाका बखत निज सोही स्थानमा स्थायी बसोबास गरेको भनी सम्बन्धित स्थानीय तहबाट प्रमाणित गरेको पत्र र सम्बन्धित जिल्लाबाट प्राप्त गरेको नेपाली नागरिकता वा जन्म दर्ताको प्रमाणपत्र
- काठमाडौं महानगरपालिकाको स्थायी बासिन्दाको हकमा नागरिकता वा जन्मदर्ता वा बसाईसराईपत्र
- ल्यान्डफिल्ड साइटका बासिन्दाको हकमा जन्मदर्ता वा बसाईसराईपत्र र स्थायी बसोबास गरिरहेको भनी सम्बन्धित वडाको सिफारिसपत्र
- Online आवेदन फाराममा पेश गर्नुपर्ने आवश्यक प्रमाणपत्रहरु अनिवार्य समावेश गर्नुपर्नेछ। आवश्यक शैक्षिक प्रमाणपत्रहरु, सम्वन्धित वर्ग खुलेको कागजातहरु समावेश नगर्ने र नक्कली

कागजात पेश गर्ने परीक्षार्थीहरुको आवेदन फाराम स्वतः रद्ध हुनेछ। झुठो वा नक्कली कागजात राखी तथा नपाउने कोटामा आवेदन गरी परीक्षा दिई मनोनयन भएको भएसमेत जुनसुकै बखत निजको छात्रवृत्ति रद्ध गरी प्रचलित कानूनबमोजिम कारबाही हुनेछ ।

**७. प्रवेशपत्र सम्बन्धी व्यवस्था** :

- मिति २०८३।०२।१४ गतेदेखि प्रवेशपत्र प्रिन्ट गर्ने बटन (Print Admit card button) मा क्लिक (Click) गरी त्यहाँ माग गरिएको विवरणहरु भरी परीक्षार्थी स्वयम्ले प्रवेशपत्र प्रिन्ट गर्नुपर्नेछ । परीक्षा केन्द्रसम्बन्धी जानकारी प्रवेशपत्रमा उल्लेख हुनेछ ।

**८. छात्रवृत्ति परीक्षा सञ्चालन सम्बन्धी व्यवस्था :**

- परीक्षा केन्द्र काठमाडौं महानगरपालिकाले सूचना प्रकाशित गरी तोके बमोजिम हुनेछ ।
- छात्रवृत्ति परीक्षा दिन आउँदा प्रवेशपत्र अनिवार्य रुपमा ल्याउनु पर्नेछ । प्रवेशपत्र विना परीक्षामा बस्न पाइने छैन । केन्द्राध्यक्ष वा निरीक्षकले माग गरेमा देखाउनु पर्नेछ ।
- प्रत्येक परीक्षार्थीको आवश्यक सुरक्षा जाँच गरिने हुँदा परिक्षार्थीहरू परीक्षा शुरु हुनुभन्दा कम्तीमा एकघण्टा अगावै परीक्षा केन्द्रमा उपस्थित हुनुपर्ने छ। परीक्षा शुरु हुनु १५ मिनेट अघि सूचनाबाट जानकारी गराइएपश्चात परीक्षा हलमा प्रवेश गर्न पाइनेछ ।
- केन्द्राध्यक्षले दिएको निर्देशनको पालना गरी तोकेको निर्दिष्ट स्थानमा बसी परीक्षा दिनुपर्नेछ । केन्द्राध्यक्ष वा निजले तोकेको व्यक्ति वा निरीक्षण टोलीले जुनसुकै बेला पनि खानतलासी गर्न सक्नेछ ।
- केन्द्राध्यक्षको अनुमतिबिना आफ्नो स्थान वा परीक्षा भवन छोडी बाहिर जान पाइने छैन । महानगरपालिकाबाट सूचनाद्वारा जानकारी गराएकोबाहेक परीक्षा सर्ने छैन ।
- परीक्षार्थीहरूले किताब, नोटबुक, गाइड, कापी, कागज, चिट, क्यालकुलेटर, मोबाइल फोन, ब्लूटुथ, आइप्याड, ट्याबलेट, हातहतियार, अवैध पदार्थ वा अरु निषेध गरिएका कुनै पनि वस्तु लगायत कुनैपनि विद्युतीय उपकरण तथा वालेट, पर्स तथा घडी (स्मार्ट वाच) समेत परीक्षा केन्द्रमा लैजान पाइने छैन ।
- छात्रवृत्ति परीक्षा शुरु भएको १५ मिनेट पछि आउने परीक्षार्थीलाई परीक्षा हलमा प्रवेश दिइने छैन। परीक्षामा सहभागी हुँदा अनिवार्य रुपमा हाजिर गर्नु पर्नेछ।
- परीक्षाका लागि आवश्यक पर्ने कालो कलम (Black Gel Pen) विद्यार्थी स्वयम्ले ल्याउनु पर्नेछ। आफूलाई सही लागेको उत्तर OMR sheet को बबल भित्र पुरै पोत्नु पर्दछ। वस्तुगत परीक्षामा आफूलाई प्राप्त प्रश्न पत्रको "set" OMR sheet मा अनिवार्य रुपले लेख्नुपर्ने छ। नलेखेमा उत्तरपुस्तिका स्वतः रद्द हुनेछ। साथै तोकिएको OMR Sheet मा आफुलाई लागेको सहि उत्तरको A,B,C,D को गोलो घेरामा कालो पेनले पोत्नुपर्नेछ ।
- सिसाकलम प्रयोग गरेको, खुर्केको, केरमेट गरेको, च्यातिएको वा टिपेक्स लगाएका उत्तरहरूको कुनै अङ्क प्राप्त हुने छैन।
- परीक्षार्थी निर्धारित समय दुई घण्टा समाप्त भएपछि मात्र परीक्षा हलबाट बाहिर जान पाइनेछ।

- नक्कली परीक्षार्थी खडा गरी परीक्षा बदमासी गर्ने वा दिन प्रयास गरेमा त्यस्ता परीक्षार्थीको परीक्षा रद्द गरी प्रचलित कानुनबमोजिम कारवाही गरिनेछ।
- विद्यार्थीले आपसमा कुराकानी र संकेत समेत गर्नु हुदैन। एउटा परीक्षार्थीले कुनै अर्को परीक्षार्थीको उत्तर पूस्तिकाबाट नक्कल गरेको पाइएमा नक्कल गर्ने र गर्न दिने दुबै परीक्षार्थीलाई निष्काशन गरिने छ ।
- परीक्षा हलमा परीक्षाको मर्यादा विपरीत कुनै काम गरेमा, अनियमित काम गरेमा, एक परीक्षार्थीको सट्टा अर्को परीक्षार्थी भई परीक्षा दिएमा, निरीक्षकलाई उत्तरपूस्तिका नबुझाई आफैं लगेमा वा च्यातेमा त्यस्ता परीक्षार्थीलाई केन्द्राध्यक्षले परीक्षा हलबाट निष्काशन गरी तुरुन्त कानून बमोजिमको कारबाही गरिनेछ र त्यसरी निष्काशन गरिएकोमा परीक्षा स्वतः रद्द हुनेछ ।
- परीक्षार्थीले एकपटक आफ्नो उत्तरपूस्तिका बुझाई परीक्षा कोठाबाहिर गइसकेपछि निजलाई पुनः परीक्षा कोठाभित्र बसाली परीक्षा दिलाइने छैन ।
- बिरामी भएको विद्यार्थीले परीक्षा हलमा प्रवेश गरी परीक्षा दिने क्रममा निजलाई केही भएमा महानगरपालिका जवाफदेही हुने छैन।
- मूल उत्तरपूस्तिकामा तोकिएको स्थानबाहेक अन्य कुनै पनि स्थानमा लेख्न पाइने छैन । अन्य कुनै पनि प्रकारको संकेत गरेको पाइएमा परीक्षा स्वतः रद्द हुनेछ र परीक्षाफल प्रकाशित हुने छैन ।
- **उत्तरपूस्तिकासँगै प्रश्नपत्र निरीक्षकलाई नै फिर्ता गर्नुपर्नेछ ।**

**९. नतिजा प्रकाशन तथा भर्ना प्रक्रिया :**

- परीक्षापश्चात OMR लाई मेसिनबाट स्क्यानिङ, रुजु गरी योग्ताक्रम प्रकाशन गरिनेछ ।
- अन्तिम नामावली प्रकाशन गरी छात्रवृत्ति परीक्षाको नतिजा विद्यार्थीले फाराम भर्दाकै समयमा रोजेको विषय र विद्यालयको प्राथमिकताका आधारमा योग्यताक्रमअनुसार विद्यार्थी भर्ना नतिजा सूची प्रकाशन गरिनेछ।
- विषयगत रुपमा विद्यालयमा भर्नाका लागि पूर्व मनोनयन गरिनेछ ।
- पूर्व मनोनयनमा आफुले अध्ययन गर्न चाहेको विषय तथा कलेजमा मनोनयन भएको आधारमा ३ दिन भित्र भर्ना भइसक्नुपर्नेछ । तोकिएको मिति भित्र भर्ना नभइ रिक्त रहेको सिटमा भर्ना नभएका विद्यार्थीहरूविच उनीहरूको योग्यताक्रमका आधारमा दोस्रो सूची प्रकाशन गरिने छ । यस सूचीमासमेत रोजाई अनुसारको विषय र कलेजमा भर्ना हुन नसकेमा प्रवेश परीक्षाको योग्यताक्रमका आधारमा रिक्त सिटमा Wrap up कोटामा मनोनयनका लागि पुनः योग्यताक्रमका आधारमा रोजाइका लागि सूचना प्रकाशित गरी छनोट गरिनेछ ।

**पुनश्च** : छात्रवृत्तिको नतिजा प्रकाशन भएपश्चात् मात्र विद्यार्थी भर्ना हुन विद्यार्थीहरूमा अनुरोध गरिन्छ।

छात्रवृत्तिको नतिजा प्रकाशन हुनु अगाडि नै कुनै विद्यालयमा विद्यार्थी भर्ना भइसकेको अवस्थामा यस महानगरको छात्रवृत्ति पाएकै कारण उक्त विद्यालयमा भर्नाका बखत बुझाएको शुल्क फिर्ता गर्न विद्यालय बाध्य हुने छैन । साथै अन्य विद्यालयमा छात्रवृत्ति प्राप्तिका लागि यस महानगरपालिकाबाट सहजीकरण गरिने छैन ।

**छात्रवृत्ति सम्बन्धी गुनासो वा केही सोधपुछ गर्नुपरेमा काठमाडौं** महानगरपालिका, शिक्षा **विभागमा वा कल सेन्टरको निःशुल्क टेलिफोन नं.** १६६००१०५५११ वा ११८० मा **सम्पर्क गर्न सकिनेछ।**

शिक्षा विभाग
काठमाडौं महानगरपालिका